# सामुदायिक विद्यालयहरुमा प्रति इकाई लागत (Per Capita Funding) का आधारमा अध्यापन कार्यमा सहयोग अनुदान कार्यान्वयन निर्देशिका, २०८०

## मनहरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## रजैया, मकवानपुर ।

कार्यपालिका बैठकबाट पारित मिति: २०८०।०३।०५

प्रमाणित मिति: २०८०।०३।०५

# सामुदायिक विद्यालयहरुमा प्रति इकाई लागत (Per Capita Funding) का आधारमा अध्यापन कार्यमा सहयोग अनुदान कार्यान्वयन निर्देशिका, २०८०

प्रस्तावनाः

नेपालको संविधानमा विद्यालय शिक्षाको व्यवस्थापन, सञ्चालन तथा नियमन सम्बन्धी अधिकार स्थानीय तहमा प्रदान गरिएको र सोहि अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेखित जिम्मेवारी तथा अधिकारको प्रयोग गर्दै, विद्यालय तहमा अध्यनरत बालवालिकाहरुको पढ्न लेख्न पाउने अधिकार सुनिश्चत गर्ने, आधारभूत तहसम्मको शिक्षामा सबै बालबालिकाहरुको पहुँच विस्तार गर्ने, विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक उपलब्ध गराउन, विद्यालयमा गणित अंग्रेजी र विज्ञान विषय अध्यापन गर्ने शिक्षक व्यवस्थापन सुनिश्चत र व्यवस्थित गर्ने आवस्यक देखिएकोले सामुदायिक विद्यालमा प्रति विद्यार्थी एकाई लागतका आधारमा शैक्षिक व्यवस्थापन अनुदान वितरण गर्न मनहरी गाउँपालिकाको शिक्षा ऐन, २०७५ को दफा ४९ (२) ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका तयार गरी लागु गरिएको छ ।

## परिच्छेद १

### संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१ यस निर्देशिकाको नाम सामुदायिक विद्यालयमा प्रति विद्यार्थी एकाई लागत (Per Capita Funding) का आधारमा अध्यापन कार्यमा सहयोग निर्देशिका २०८० रहेको छ ।

२ यो निर्देशिका गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले अनुमोदन गरेको मितिदेखि लागू हुनेछ ।

३.यो निर्देशिका गाउँपालिका क्षेत्र भित्र सञ्चालित सम्पुर्ण सामुदायिक विद्यालयमा लागु हुनेछ ।

४. विद्यालय भन्नाले प्रचलित नेपाल कानुन वमोजिम अनुमति वा स्वीकृति प्राप्त गरी संचालित सबै तहका सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ ।

५.प्रति विद्यार्थी एकाई लागत भन्नाले गाउँ शिक्षा समितिले गाउँपालिकाको आन्तरिक स्रोतबाट उपलब्ध गराइने बजेटबाट तहगत रुपमा निर्धारण गरेको तलब स्केललाई १२ महिनाले गुणन गरी तहगत रुपमा प्रति कक्षाको लागि तोकिएको विद्यार्थी संख्याले भाग गर्दा हुन आउने रकमलाई सम्झनु पर्दछ ।

६.न्युनतम तलव स्केल भन्नाले उपलब्ध आन्तरिक स्रोतको आधारमा गाउँ शिक्षा समितिले मासिक रुपमा रकम प्रदान गर्नको लागि निर्धारण गरेको रकमलाई सम्झिनु पर्दछ ।

## परिच्छेद २

## उद्देश्य

**७ यस निर्देशिकाको उद्धेश्य देहाय वमोजिम रहेका छन् ।**

७.१ विद्यार्थी संख्याको आधारमा विद्यालयलाई दिइने अनुदान निर्धारण गर्नु ।

७.२ विद्यालय अनुदान वितरणमा एकरुपता कायम गर्नु ।

७.३ शिक्षक दरबन्दीको अभावमा विद्यार्थीको पठन पाठनमा पर्ने प्रभावलाई कम गर्नु ।

७.४ गुणस्तरीय शिक्षाको सुनिश्चिततामा टेवा पुर्‍याउनु ।

७.५ विद्यालयमा बालमैत्रीपूर्ण शिक्षण शिकाइ वातावरण निर्माण गर्न सहयोग पुर्‍याउनु ।

## परिच्छेद ३

## विद्यालय तह र प्रति विद्यार्थी इकाई लागत निर्धारण गर्ने आधारहरु

८.अनुदान वितरण प्रयोजनको लागि विद्यालयलाई राष्ट्रिय रुपमा निर्धारण गरिए बमोजिम आधारभुत तह (१-८) र माध्यमिक तह (९-१०) संरचनालाई आधार मानिने छ ।

**९. प्रति विद्यार्थी एकाई लागत अनुदान गणना गर्ने आधारः**

गाउँपालिकाबाट यस बर्षको लागि राजश्व बाँडफाट शीर्षकअन्तर्गत विद्यालयहरुलाई अनुदान प्रदान गर्न विनियोजन गरिएको रकम र विद्यालयमा चालु शैक्षिक बर्षमा भर्ना भई अध्ययनरत विद्यार्थी संख्यालाई अनुदान वितरणको लागि प्रमुख आधार मानिने छ । प्रति विद्यार्थी लागत अनुदान वितरण गर्दा उपलब्ध स्रोतको आधारमा गाउँशिक्षा समितिले तोके बमोजिमको शिक्षक विद्यार्थी अनुपात बढी भएका र विद्यालयमा संचालित कक्षा संख्या भन्दा शिक्षक संख्या कम भएका (राष्ट्रिय स्तरमा प्रचलित न्यूनतम तहगत शिक्षक संख्या) विद्यालयहरुलाई उपलब्ध गराइने नीति लिइनेछ । विभिन्न तहमा प्रदान गरिने प्रति विद्यार्थी एकाई लागत अनुदान गणना गर्ने आधारहरु देहाय वमोजिम हुनेछन ।

**९.१ आधारभुत तह कक्षा (१-८) को लागि अनुदान वितरण प्रक्रियाः**

९.१(क) आधारभूत तह कक्षा (१-८) का लागि गाउँ शिक्षा समितिले निर्धारण गरेको अनुसूची १ बमोजिमको न्युनतम तलब स्केललाई १२ ले गुणन गर्दा आउने जम्मा रकमलाई बार्षिक तलब गणना गरिनेछ ।

९.१(ख) यस तहमा प्रति विद्यार्थी एकाई लागत हिसाव गर्दा अनुसूची २ तोकिएको विद्यार्थी संख्या बराबर १ शिक्षक अनुपात गणना गरिनेछ ।

९.१(ग) यस तहको लागि तोकिएको न्युनतम तलब स्केललाई १२ महिनाले गुणन गर्दा आउने रकमलाई प्रतिकक्षाको लागि तोकिएको विद्यार्थी संख्याले भाग गर्दा आउने अंकलाई प्रति विद्यार्थी एकाई लागत

मानिनेछ ।

९.१(घ) विद्यालयमा दरबन्दी, लियन, राहत र यस वर्षको लागि संघिय सरकारबाट प्रदान गरिएको शिक्षक अनुदान रकम प्राप्त गर्ने शिक्षक गरी प्राथमिक र निम्न माध्यमिक तहमा कार्यरत कुल शिक्षक संख्यालाई प्रति कक्षा सेवा प्राप्त गर्नु पर्ने विद्यार्थी संख्याले गुणन गर्दा आउने संख्याभन्दा विद्यार्थी संख्या बढी भएमा सो बढी भएको विद्यार्थी संख्यालाई ९.१(ग) बमोजिमको प्रति विद्यार्थी एकाई लागतले गुणन गर्दा आउने अनुदान रकम विद्यालयलाई उपलब्ध गराइनेछ ।

९.१(ङ) माथिको नियम ९.१(घ) बमोजिमको रकम प्राप्त गर्न नसक्ने प्राथमिक तह (१-३) कक्षासम्म सञ्चालन भएको कुनै विद्यालयमा दरबन्दी, लियन, राहत र यस वर्षको लागि संघीय सरकारबाट प्रदान गरिएको अन्दान स्वरुप प्राप्त कुल शिक्षक संख्या ३ वा सो भन्दा कम र शिक्षक विद्यार्थी अनुपात १ : २५ वा सो भन्दा बढी भएमा त्यस्ता विद्यालयलाई एक जना शिक्षक व्यवस्थापनको लागि संघीय सरकारले तोके बमोजिमको न्युनतम मासिक पारिश्रमिक वरावरको अनुदान रकम एक शैक्षिक सत्रको लागि उपलब्ध गराइनेछ ।

९.१(च) ) माथिको नियम ९.१(घ) बमोजिमको रकम प्राप्त गर्न नसक्ने प्राथमिक तह (१-५) कक्षा सञ्चालन भएको कुनै विद्यालयमा दरबन्दी, लियन, राहत र यस वर्षको लागि संघीय सरकारबाट प्रदान गरिएको अन्दान स्वरुप प्राप्त कुल शिक्षक संख्या ३ वा सो भन्दा कम र शिक्षक विद्यार्थी अनुपात १:२५ वा सो भन्दा बढी भएमा त्यस्ता विद्यालयलाई एक जना शिक्षक व्यवस्थापनको लागि गाउँशिक्षा समितिले तोकेको न्युनतम मासिक पारिश्रमिक वरावरको अनुदान रकम एक शैक्षिक सत्रको लागि उपलब्ध गराइनेछ ।

९.१(छ) माथिको नियम ९.१(घ) बमोजिमको रकम प्राप्त गर्न नसक्ने आधारभूत तह (१-८) कक्षा सञ्चालन भएको विद्यालयमा निम्न माध्यमिक तहको दरबन्दी, लियन, राहत र संघीय सरकारबाट प्रदान गरिएको अन्दान सहित जम्मा २ वा सो भन्दा कम शिक्षक र सोही तहको शिक्षक र विद्यार्थी अनुपात १:४० वा सो भन्दा बढी भएका विद्यायलहरुलाई एक जना शिक्षक व्यवस्थापन गर्न यस तहको लागि गाउँपालिका शिक्षा शाखाले तोके बमोजिमको न्युनतम अनुदान रकम एक शैक्षिक सत्रको लागि उपलब्ध गराइनेछ ।

९.१(ज) माथि नियम ९.१(ङ) बमोजिमको अनुदान रकम प्रति विद्यार्थी इकाइ लागतले विद्यार्थी संख्यालाई गुणन गर्दा हुन आउने अनुदान रकम गाउँ शिक्षा समितिबाट तोकिएको न्युनतम पारिश्रमिक रकम भन्दा कम भएमा प्राथमिक तह (१-३) को हकमा संघीय सरकारबाट तोकिएको न्युनतम पारिश्रमिक बरावरको अनुदान रकम १२ महिनाका लागि उपलब्ध गराइनेछ र प्राथमिक तह (१-५) वा आधारभूत तह (१-८)

कक्षा सञ्चालन भएका विद्यालयको हकमा गाउँ शिक्षा समितिले तोकेको न्युनतम मासिक पारिश्रमिक वरावरको अनुदान रकम १२ महिनाको लागि उपलब्ध गराइनेछ ।

९.१(झ) सामान्यतयाः विद्यालयमा विद्यार्थी संख्या बढेमा यस किसिमको अनुदान रकम बढ्ने र विद्यार्थी संख्या घटेमा यस किसिमको अनुदान रकम सोही अनुसार घट्ने भएकाले विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या र यस किसिमको अनुदानको बीचमा सह सम्बन्ध सुनिश्चित गर्न विद्यालयले पाउने अध्यापन कार्यमा सहयोग अनुदान रकमलाई गाउँपालिकाको उपलब्ध हुन सक्ने स्रोतको आधारमा थपघट गर्न वा निर्णय परिवर्तन गर्न सकिनेछ ।

**९.२ माध्यमिक तह कक्षा (९-१०) अनुदान वितरण विधि**

९.२(क) माध्यमिक तह कक्षा (९-१०) का लागि गाउँ शिक्षा समितिले तोकेको अनुसूची ३ बमोजिमको न्युनतम तलब स्केललाई १२ ले गुणन गर्दा आउने जम्मा रकमलाई बार्षिक तलब गणना गरिनेछ ।

९.२(ख) यस तहमा प्रति विद्यार्थी एकाई लागत हिसाव गर्दा अनुसूची ४ मा तोकिएको विद्यार्थी संख्या बराबर १ शिक्षक अनुपात गणना गरिनेछ ।

९.२(ग) तोकिएको न्यूनतम तलब स्केललाई १२ महिनाले गुणन गर्दा आउने रकमलाई प्रति कक्षा सेवा प्रदान गर्नु पर्ने न्युनतम विद्यार्थी संख्याले भाग गर्दा प्राप्त हुने उपलब्धीलाई प्रति विद्यार्थी एकाई लागतको रुपमा गणना गरिनेछ ।

९.२(घ) माध्यमिक तहको संघीय सरकारबाट प्रदान गरिएको दरवन्दी, लियन, राहत र शिक्षक अनुदान कोटामा विद्यालयमा कार्यरत कुल शिक्षक संख्यालाई यस तहको लागि नियम ९.२(ख) बमोजिम तोकिएको विद्यार्थी संख्याले गुणनगर्दा आउने गुणनफल भन्दा विद्यार्थी संख्या बढी भएमा सो बढी भएको विद्यार्थी संख्यालाई ९.२(ग) बमोजिमको प्रति विद्यार्थी एकाई लागतले गुणन गर्दा आउने रकम शिक्षक व्यवस्थापनको लागि विद्यालयको खातामा एकमुष्ट रुपमा अध्यापन कार्य सहयोग अनुदानको रुपमाउपलब्ध गराउन सकिनेछ ।

९.२(ङ) सामान्यतयाः विद्यालयमा विद्यार्थी संख्या बढेमा यस किसिमको अनुदान रकम बढ्ने र विद्यार्थी संख्या घटेमा यस किसिमको अनुदान रकम सोही अनुसार घट्ने भएकाले विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या र यस किसिमको अनुदानको बीचमा सह सम्बन्ध सुनिश्चित गर्न विद्यालयले पाउने अध्यापन कार्यमा सहयोग अनुदान रकमलाई गाउँपालिकाको उपलब्ध हुन सक्ने स्रोतको आधारमा नियम परिवर्तन गर्न वा थपघट गर्न सकिनेछ ।

१०. माथि उल्लिखित नियम ९.१ र ९.२ अन्तर्गतका उप नियमहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि आधारभुत तह(१-८) तथा माध्यमिक तह (९-१०) कक्षा सञ्चालित विद्यालयहरु मध्ये तहगत शिक्षक दरबन्दी (स्थाई, अस्थाई, राहत, लियन, संघीय सरकारबाट प्रदान गरिएको अनुदान कोटा) नभएको वा सवै

भन्दा कम भएका विद्यालयलाई प्राथमिकता दिई अनुदान वितरण गरिनेछ ।

११.माथि नियम ९.१(ग) र ९.१(घ) अनुसार प्राप्त हुने अनुदान रकमबाट शिक्षक नियुक्ति गर्नको लागि विद्यालय व्यवस्थापन समितिबाट निर्णय गरी **शिक्षक सेवा आयोग नियमावली २०५९ ले तोकेको** न्युनतम योग्यता प्राप्त शिक्षकलाई आधारभुत तह(१-५) वा (१-८) मा अध्यापन गर्ने शिक्षकमा नियुक्ति गर्नु पर्नेछ ।

१२. विद्यालयले ९.२(ग) अनुसार प्राप्त हुने अनुदानबाट शिक्षक नियुक्ति गर्नको लागि विद्यालय व्यवस्थापन समितिबाट विषय समेत खुलाई विज्ञापन मार्फत शिक्षक सेवा आयोगले तोकेको नियम पुरा गरी नियुक्ति गर्नु पर्नेछ ।

## परिच्छेद ४

## अनुदान प्राप्त गर्न विद्यालयले पालना गर्नु पर्ने पूर्व शर्तहरु

१२. आधारभुत तह (१-८) र माध्यमिक तह (९-१०) मा शिक्षकको व्यवस्थापन गर्दा गणित, अंग्रेजी र विज्ञान विषयलाई प्रथामिकता दिनुपर्नेछ । विद्यालयमा तहगत रुपमा गणित, अंग्रेजी र विज्ञान पढाउने शिक्षकको व्यवस्था भई सकेको भए मात्र अन्य विषयका शिक्षकको व्यवस्थापन गर्न पाइनेछ ।

१३. यस निर्देशिका अनुसार प्राप्त हुने अनुदान रकमबाट कम्तिमा शिक्षा विषय लिइ १२ कक्षा उत्तीर्ण नेपाली नागरिकलाई नियुक्ति गर्न सकिनेछ ।

१४. विद्यालयमा विद्यालय व्यवस्थापन समिति अनिवार्य रुपमा गठन भएको हुन पर्नेछ ।

१५.विद्यालयलाई यस प्रकारको शिक्षण सिकाई अनुदान प्राप्त गर्न विद्यालयले चालु शैक्षिक बर्षको IEMIS भरेको र यस भन्दा पूर्व आ.व.को लेखापरीक्षण र सामाजिक परीक्षण गरेको हुनु पर्नेछ ।

१६. विद्यालयले विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको हुनु पर्नेछ ।

१७. आफ्नो सेवा क्षेत्र भित्र घरधुरी सर्वेक्षण गरी विद्यालय भर्ना हुन बाँकी सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गराउने कार्ययोजना समेत तयार गरी कार्यान्वयन गर्नु पर्नेछ ।

१८. विद्यालयमा भर्ना भएका बालबालिका मध्ये कम्तिमा ९० प्रतिशत नियमित उपस्थिति गराउने कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ ।

१९ .विद्यालयको अन्तिम परीक्षाको नतिजामा कम्तिमा ८० प्रतिशत वा सो भन्दा बढी विद्यार्थी उत्तीर्ण हुने गरी कार्ययोजना बनेको हुनु पर्नेछ ।

२०. यस कार्यक्रमबाट प्राप्त हुने अनुदान रकमबाट विद्यालयले शिक्षक व्यवस्थापन गर्दा शिक्षक सेवा सेवा आयोग नियमावाली, २०५७ नियम ९ र १० ले तोके वमोजिम योग्यता र तालिम भएको उम्मेदवारलाई प्रतियोगिता मार्फत छनौट गरी विद्यालय व्यववस्थापन समितिले काममा लगाउन सक्नेछ ।

२१.यस निर्देशिका बमोजिम नियुक्ति गरिएका शिक्षकहरु नियम २० बमोजिम छनौट गर्दा तयार भएका अभिलेखहरु, शिक्षकको दैनिक हाजिरी र पारिश्रमिक बुझेको भर्पाइ आर्थिक वर्षको अन्त्यमा गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ५

## संसोधन, परिमार्जन

२२. गाँउपालिकाले यस निर्देशिकालाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार गाँउ कार्यपालिकाको बैठकबाट संसोधन तथा परिमार्जन गर्न सक्नेछ ।

## परिच्छेद ६

## खारेजी र बचाउ

२३. अध्यापन कार्यमा सहयोग अनुदान निर्देशिका, २०७९ खारेज गरिएको छ ।

२४. अध्यापन कार्यमा सहयोग अनुदान निर्देशिका २०७९ अनुसार भएका काम कारवाही यसै निर्देशिका वमोजिम भएको मानिनेछ ।

<u>अनुसूची १</u>

नियम ९.१(क) सँग सम्बन्धित

आधारभुत तह कक्षा ४-५ र ६-८ को लागि तोकिएको न्युनतम तलबमान रु. २००००

<u>अनुसूची २</u>

नियम ९.१(ख) सँग सम्बन्धित

आधारभूत तहमा (प्राथमिक र निम्न माध्यमिक) प्रति कक्षा शिक्षक विद्यार्थी अनुपात गणना १:४०

प्रति कक्षा विद्यार्थी गणनाः ४०

प्रति विद्यार्थी लागत गणना विधिः २००००×१२/४०=६०००

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

## अनुसूची ३

नियम ९.२(क) सँग सम्बन्धित

**माध्यमिक तहको लागि तोकिएको न्युनतम तलबमान रु. २५०००**

## अनुसूची ४

नियम ९.२(ख) सँग सम्बन्धित

माध्यमिक तहमा प्रति कक्षा शिक्षक विद्यार्थी अनुपात गणना १:४५

प्रति कक्षा विद्यार्थी गणनाः ४५

प्रति विद्यार्थी लागत गणना विधिः २५०००×१२/४५=६६६७

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
मनहरी गाउँपालिका